मितिः२०८१/१०/३०

श्री लोक पथ डटकम,
सरस्वती मार्ग, लाजिम्पाट काठमाडौं।

**विषयः-** खण्डन/भनाइ सम्बन्धमा।

उपरोक्त सम्बन्धमा तहाँ लोकपथ डटकम (Lokpath.com) को लोकपथ टिभी नामक आधिकारीक युटुब च्यानलबाट **"बुद्ध एयरमा किन बेला बेला रडाको निकालिरहन्छन् शिवेन्द्र बहादुर बस्नेत?"** भन्ने शिर्षकमा मिति२०८१/१०/१३ तयार गरी अपलोड भिडियो सामग्री र लोक पथ डक कम (Lokpath.com) कै लोकपथ अनलाइन नेपाली न्यूज नामक न्यूज पोर्टलबाट सोही मिति अर्थात २०८१/१०/१३ गते नै **"आफ्नै बुवाले नपत्याएका छोरा शिवेन्द्र बहादुर बस्नेत, नेपालको कालोसूचीदेखि अमेरिकाको शरणार्थीसम्म"** भन्ने शिर्षकमा तयार गरी प्रकाशन गरेको समाचार सामग्री उपर मेरो ध्यानाकर्षण भएको छ। उक्त समाचार सामग्रीका सम्बन्धमा मेरो देहायअनुसार बुदाँगत प्रतिक्रिया एवं खण्डन रहेको छ। उक्त खण्डन एवं प्रतिक्रियालाई स्थान दिनुहुन अनुरोध गर्दछु।

देहायः

१. प्रकाशित/प्रसारित सामग्रीमा "**आफ्नै बुवाले नपत्याएका छोरा शिवेन्द्र बहादुर बस्नेत** भनि उल्लेख भएको मुल शिर्षक तथा **....अनि खोले शिवानी ऐयर भन्ने समाचार उपशिर्षक**को व्यहोरामा शिवेन्द्रले पैसा माग्दा सुरेन्द्रले "विश्वासयोग्य छैन" भन्दै एक रुपैयाँ नदिने बताएपछि शिवन्द्र बुवा र दाजुबाट टाढिए भनि लेखिएको देखिन्छ। तर यथार्थमा त्यस्तो होइन। हामी परिवारहरु बिचको सल्लाह बमोजिम पारिवारिक व्यवसायका रुपमा बुद्ध एयर लगायत अन्य व्यवसाहरु समेत सञ्चालन गरेकोमा बुद्ध एयरको व्यवसाय सफल भएको र अन्य व्यवसाय सफल हुन नसकी बन्द समेत भएको हो। शिवानी एयर मेरा वुबा तथा परिवार समेत कै लगानी भएको व्यवसाय हो। तर उक्त फलाइङ स्कुल १५ वर्ष अगाडि नै मुनिन्द्र रन्जितकारलाई पूर्ण रुपमा बिक्री गरी बि.सं. २०६६ पुस/माघ तिर नै निजको नाममा सबै शेयर तथा स्वामित्व समेत हस्तान्तरण भई पछि निजले नै संचालन गरी आएको अवस्थामा बन्द भएको थियो।

२. **सुरेन्द्रले शिवेन्द्रलाई हटाएर बुहारी र नातिनातिनालाई दिए सेयर** समाचार उपशिर्षकमा शिवन्द्र अमेरिकामा रहेको र व्यवहार समेत राम्रो नभएको' भनि बुबाले आफ्नो स्वामित्वतको बुद्ध एयरको सेयर मेरो श्रीमती र छोरा छोरीको नाममा दिनु भएको उल्लेख भएको छ। खासमा म निवेदक अमेरिका रहेको र अमेरिकामा नै कारोवार समेत संचालन गरी बसेको अवस्थामा नेपालमा रहेको कम्पनीलाई समय दिन नसक्ने भएका कारणले बुबाले बुद्ध ऐयरको शेयर मेरो श्रीमति र छोराछोरीको नाममा दिनु भएको हो।

३. **एयर होस्टेजलाई नै कान्छी श्रीमती बनाए, मोजमस्तीमा होमिय भन्ने समाचार उपशिर्षक** अदालतबाट निरुपण भैं नसकेको विषयको न्यायसम्पादनमा समेत प्रभाव पर्ने गरी लेखिएको छ। त्यस उपशिर्षकको व्यहोरामा शिवेन्द्रले रायमाझी थरकी एयर होस्टसलाई कान्छी श्रीमती मात्रै बनाएनन्, एयरलाइन्स कम्पनीका मालिकको नाम र आडमा आफ्नो अधिकांश समय र सम्पति मोज मस्तीमा खर्च गरे। तर अहिले आफ्नो सम्पत्तिमाथि रायमाझी र उनीबाट जायजन्म भएकी छोरीको अंश मुद्दा वा दाबी नपुगोस भनेर शिवेन्द्रले अहिले श्रीमती जेठी अर्चनासँग कागजी सम्बन्ध विच्छेद गरेका छन्। यद्यपि शिवेन्द्र अहिले पनि जेठी श्रीमती अर्चना बस्नेतसँगै एउटै भान्सामा खाएरसँगै बस्ने गरेका छन् भनि लेखिएको छ। यथार्थमा म र श्रीमती अर्चना बस्नेत सधै सँगै छौ, न त हामी बिच सम्बन्ध बिच्छेदकालागी मुद्दा चलेको नै छ न हामी बिचको सम्बन्ध बिच्छेद नै भएको छ।

४. **बुवा सुरेन्द्रको मृत्यु पछि नेपाल फिर्ता, सेयरमा दावी समाचार उपशिर्षक**को व्यहोरामा दाईलाई सिद्धयाउन लागि परी विभिन्न अदालत तथा अर्धन्यायिक निकायमा समेत बुद्ध एयरका अध्यक्ष विरुद्ध मुद्दा दर्ता गराएका छन् भनी दावी गरिएको छ। यथार्थमा मेरो परिवारको बुद्ध एयरमा ४० प्रतिशत शेयर स्वामित्व रही आफ्नो परिवारको उक्त कम्पनीमा शेरधनिका रुपमा रहेको हक अधिकारको लागी मुद्दा मामिलामा गएको अवस्था हो। आफ्नो तथा आफ्नो परिवारको अधिकारको रक्षाका लागी न्यायीक निकायमा प्रवेश गरेको कार्य सिद्धयाउन लागि परेको हुन सक्दैन। सो कानूनी र न्यायीक प्रकृया हो।

५. **शरणार्थीका रुपमा अमेरिका भासिए, शिवेन्द्र अमेरिकामा पनि कालोसूचीमा तथा "आदत से मजबुर"** भन्ने जस्ता कुरा लेखिको देखिन्छ। यथार्थमा म अमेरिका अबैध तिरिकाले गएको नभई तत्कालिन राजनितिको परिस्थितिमा कानून बमोजिमको प्रकृया पुरा गरी बैध रुपमा गई व्यापर व्यवसाय गरी बसेको हो। कालोसूचीमा नरहेको अवस्थामा पनि कालोसूचीमा रहेको भनि लेखिएको छ। तहाँको मेरो बसाइ कानूनी हक प्राप्तिमा वाधक हुन सक्दैन।

६. **"बुद्ध एयरमा किन बेला बेला रडाको निकालिरहन्छन् शिवेन्द्र बहादुर बस्नेत?"** भन्ने शिर्षकमा तयार गरी अपलोड भएको युटुब भिडियोमा माथि प्रकरण १ देखि ५ मा

लेखिएका व्यहोराको तथ्य राखी गलत भिडियो सामग्री तयार गरी अपलोड भएको छ। उक्त भिडियोका सन्दर्भमा पनि माथिका प्रकरण उल्लेखित न्यूज पोर्टलमा प्रकाशित समाचार सामग्रीको खण्डन व्यहोरा बमोजिम कै खण्डन गर्दै स्रोत परिक्षणको अभावमा मलाई लाक्षित गरी प्रकाशित भै नेपाल पत्रकार आचार संहिता, २०७३को दफा ४(३), दफा ६, दफा ९, दफा १४ समेतको प्रतिकुल भएको हुँदा प्रेस काउन्सिल ऐन, २०४८ को दफा १२(१) (२) बमोजिम गरी पाउन प्रस्तुत निवेदन गरेको छु। उल्लेखित मितिमा प्रकाशित प्रशारित भ्रामक र झुट्ठा सामग्रीको यसै उजुरी बमोजिम खण्डन गरी सो सामग्री तत्काल हटाई उपरोक्त आधारहिन सामग्री प्रकाशन गर्ने लोकपथ टि.भी नामक युटुब च्यानल र लोकपथ डटकम नामक न्यूज पोर्टललाई हदैसम्मको कारवाही र सजाय गरी पाउँ।

**बोधार्थ**

**१.प्रेस काउन्सिल नेपाल**

**इमेलः** pcnmediamonitoring@gmail.com

**निवेदक**

**नामः** शिवेन्द्र बहादुर बस्नेत'

**हस्ताक्षरः**

**मो.नं.** ९८०३३३२२७७

**इमेलः** thapalaavesh55@gmail.com